# आ.व. २०८१-०८२ को वार्षिक प्रगति प्रतिवेदन

## जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली

### बागमती प्रदेश, सिन्धुली

मितिः- २०८२ साउन २२

# विषयसूची

## अध्याय -एक
## परिचय


| | |
|---|---|
| १.१. पृष्ठभूमि | १ |
| १.२. जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृति | २ |
| १.३. जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकार | ४ |


## अध्यायः दुई
## नीति, कार्यक्रम तथा बजेट


| | |
|---|---|
| २.१. आ.व. २०८१-०८२ को नीति, कार्यक्रम | ८ |
| २.२. आ.व. २०८१-०८२ को बजेट | १० |


## अध्यायः तीन
## भौतिक तथा वित्तीय प्रगति विवरणहरू


| | |
|---|---|
| ३.१. कार्यालयबाट आ.व. २०८१-०८२ मा सम्पन्न भएका क्रियाकलापहरू | ११ |
| ३.२. कार्यालयबाट आ.व. २०८१-०८२ मा सम्पन्न भएका क्रियाकलापहरूको सङ्ख्यागत विवरण | १७ |
| ३.३. आ.व. २०८१-०८२ को वित्तीय प्रगति विवरण | १८ |


## अध्यायः चार
## निष्कर्ष, सुझाब, चुनौती, समस्या र समस्या समाधानका उपायहरू


| | |
|---|---|
| ४.१. निष्कर्ष तथा सुझाब | २१ |
| ४.२. चुनौतिहरू | २२ |
| ४.३. समस्याहरू | २३ |
| ४.४. समस्या समाधानका उपायहरू | २४ |
| सन्दर्भ सामग्री | २६ |
| अनुसूची | २७-२९ |
| तस्विरहरू | ३० |

# अध्यायः एक
# परिचय

## १.१. पृष्ठभूमि

वि.सं. २०१७ सालमा राजा महेन्द्रले प्रजातान्त्रिक व्यवस्था विघटन गरेर पञ्चायती व्यवस्था लागू गरेपछि, स्थानीय तहमा प्रशासनिक संरचना स्थापना गर्ने क्रममा जिल्ला पञ्चायत गठन भएको हो । जिल्ला पञ्चायत, स्थानीय विकास र प्रशासनको प्रमुख संरचना रुपमा रहि यसले जिल्लाको समग्र विकास योजना बनाउने र कार्यान्वयन गर्ने शिक्षा, स्वास्थ्य, सिंचाइ, सडक आदि विकासमा योगदान पुऱ्याउने जस्ता कार्यहरू गर्दै आएकोमा वि.सं. २०४६ सालको जनआन्दोलनपछि पञ्चायती व्यवस्था समाप्त भयो ।

वि.सं. २०४७ सालमा बहुदलीय प्रजातन्त्र पुनःस्थापना भएपछि स्थानीय स्वायत्त शासन ऐन, २०५५ अनुसार जिल्लास्तरमा जिल्ला विकास समिति गठन भयो । जिल्ला विकास समितिले जिल्लाको समग्र विकास योजना निर्माण, समन्वय र अनुगमन, गाउँ विकास समिति (गाविस) वा नगरपालिका स्तरका योजना हरूको समन्वय गर्ने, विकास बजेटको वितरण, योजना छनौट र अनुगमन गर्ने व्यवस्था थियो। नेपालका पूर्वस्थानीय संरचनामा रहेको प्रमुख प्रशासनिक संस्थाको रुपमा स्थापित थियो, जुन प्रत्येक जिल्लामा स्थानीय विकास र प्रशासनको व्यवस्थापनको जिम्मेवारीमा थिए। जिल्ला विकास समितिले विकास योजना र कार्यक्रमहरूको कार्यान्वयन, वित्तीय व्यवस्थापन, संवैधानिक र कानूनी कार्यहरू, शिक्षा र स्वास्थ्य सेवा प्रवाह, स्थानीय संसाधनको व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन, नागरिक र जनताको जनसहभागिता तथा सञ्चार र सूचना प्रविधिका कार्यहरू गर्ने गर्दथ्यो । नेपालमा सङ्घीयता सहितको नयाँ संविधान जारी भएसँगै हाल स्थानीय तहले यस्ता कार्यहरू कार्यान्वयन गरिरहेका छन्।

वि.सं. २०७२ सालको नयाँ संविधान अनुसार सङ्घीय शासन व्यवस्था लागू भएपछि जिल्लास्तरका पूर्व संरचनाहरू खारेज भए र नेपालको संविधान (२०७२) ले सङ्घीयता कार्यान्वयन गर्दै स्थानीय तहको नयाँ संरचना सहित जिल्ला विकास समिति खारेज भई जिल्ला समन्वय समिति गठन भएको हो।जिल्ला समन्वय समितिले तीन तहका सरकारहरूबीच समन्वय, सहयोग र समन्वयात्मक कार्य, एकै जिल्ला भित्र रहेका स्थानीय तहहरूबीच तालमेल, स्रोतको बाँडफाँट लगायत समन्वय र सहकार्य गर्न, जिल्ला भित्रका विकास आयोजना, बजेटको कार्यान्वयन, सरकारी निकायहरूले प्रवाह गर्ने सेवा

प्रवाह आदिको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन गर्ने कार्य, स्थानीय तहहरूबीच हुने सीमा, स्रोत उपयोगको विवाद निरुपणका लागि समन्वयात्मक भूमिका खेल्दछ भने जिल्लामा आर्थिक, सामाजिक र सांस्कृतिक विकासका अवसरहरू सिर्जना गर्न समितिले नीति र कार्यक्रमहरू तयार गर्ने कार्यहरू गर्दछ। सङ्घीय नेपालको बागमती प्रदेशमा पर्ने यस जिल्लामा ७ वटा गाउँपालिका, २ वटा नगरपालिका र ७९ वटा वडा रहेका छन् । यस जिल्लामा प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन क्षेत्र क्रमशः २ र ४ वटा रहेका छन् ।

## १.२. जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृतिः-

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो । नेपालको संविधानको धारा २२० मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभाले एक जना प्रमुख एक जना उपप्रमुख कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहितको प्रतिनधित्व भएको एक जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । सिन्धुली जिल्ला समन्वय समिति, सिन्धुलीमा प्रमुख , उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ । जिल्ला समन्वय समिति, सिन्धुलीको बैठक प्रत्येक महिनाको २१ गते नियमित रुपमा बस्ने गरेको छ भने आवश्यक्ता अनुसार अन्य बैठकसमेत बस्ने गरेको छ । नेपालको संविधानका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ । त्यस्तै, बागमती प्रदेशद्वारा जारी गरिएको जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५ को दफा ३ मा निर्दिष्ट गरेको छ ।

### १.२.१. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीका पदाधिकारीहरूः

| सि.नं. | पदाधिकारीको नाम | पद | सम्पर्क |
|---|---|---|---|
| १ | कारसाङ लामा | प्रमुख | ९८४४०४२६८१ |
| २ | शान्ता कार्की | उपप्रमुख | ९८४४४२२३०० |
| ३ | दान बहादुर तामाङ | सदस्य (प्रवक्ता) | ९८६५१४३२७७ |
| ४ | सुर्य बहादुर तामाङ | सदस्य | ९८४३०११७१२ |
| ५ | पुष्पा कुमारी धामी | सदस्य | ९८११९९२४७० |
| ६ | बाल कुमारी मगर | सदस्य | ९८४८९४८४४८ |

| | | | |
|---|---|---|---|
| ७ | गोकर्ण सार्की | सदस्य | ९८४४३१६२५६ |
| ८ | सुनिता थापा मगर | सदस्य | ९८४०१४०००८ |
| ९ | उत्पल खड्का | सदस्य | ९८५१००७१८२ |
| १० | तिर्थराज पौडेल | सचिव | ९८५४०८७२२२ |


### १.२.२. जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी कर्मचारीहरुको विवरण:

| सि.नं. | कर्मचारीको नाम, थर | पद/श्रेणी | सम्पर्क |
|---|---|---|---|
| १ | तिर्थ राज पौडेल | जिल्ला समन्वय अधिकारी | ९८५४०८७२२२ |
| २ | नर बहादुर आले मगर | शाखा अधिकृत | ९८४३९३०३९८ |
| ३ | तिलक बहादुर कार्की | लेखापाल | ९८४४०४०४७० |
| ४ | छवि लाल श्रेष्ठ | सव इन्जिनियर | ९८४७३५५३५९ |
| ५ | पुनम कुमारी मगर | नायव सुव्वा (स्वकिय सचिव) | ९८६०४८९७२३ |
| ६ | वीर बहादुर सुनुवार | खरिदार | ९८५४०३४१४८ |
| ७ | छेकु दोर्जे थिङ | हलुका सवारी चालक | ९८४३११२७४० |
| ८ | निमेश भण्डारी | हलुका सवारी चालक | ९८४९९९७४०४ |
| ९ | बल बहादुर भट्टराई | कार्यालय सहयोगी | ९८४४१४३१५२ |
| १० | नन्द कुमारी तामाङ | कार्यालय सहयोगी | ९००८७१३४३ |
| ११ | सरिता अधिकारी | कार्यालय सहयोगी | ९८६४०७७४३८ |

### १.२.३. जिल्ला समन्वय समितिको कार्यालय सिन्धुलीको संगठन संरचना:

अनुसूची - १.७

जिल्ला समन्वय समितिको कार्यालय, (७७ जिल्ला) को प्रस्तावित संगठन संरचना




प्रमुखको निजि सचिवालयमा रहने रा.प. अनं. प्रथम श्रेणीको पदमा जिल्ला समन्वय समितिको कुनै कर्मचारीलाई खटाउन वा करारमा नियुक्त गर्न सक्नेछ ।यसरी करारमा नियुक्त गरेको कर्मचारी प्रमुखको पदावधि समाप्त भएमा स्वतः अवकाश हुनेछ ।

### १.३. जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकार

### १.३.१. नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु

- जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन को कार्य गर्ने,
- जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने।

### १.३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यहरुः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९२ मा जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ ।

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको प्रभाविकारितातथा व्यवस्थापन विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाब वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाब वा मार्गदर्शनलाई सार्वजनिक गर्ने जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बीच समन्वय गर्ने,
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन,अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम

गर्नको लागि मन्त्रालय स्थानिय तहसम्बन्धी विषय हर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाब दिने,

- आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लावाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद सदस्यलाई आमन्त्रण गरी सुझाब लिने ।

### १.३.३. बागमती प्रदेशद्वारा जारी गरिएको जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५ को दफा ३ मा निर्दिष्ट गरेको देहाय बमोजिमका कार्यहरूः

- जिल्ला भित्रका सङ्घीय वा प्रदेश सरकारी कार्यालय र स्थानीय तहबीच समन्वय गर्ने,
- जिल्लाभित्रका स्थानीय तहमा विकास निर्माण सम्बन्धी कार्यको अनुगमन गर्ने,
- जिल्लाभित्रका स्थानीय तहको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने,
- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र राहत वितरण लगायतका कार्यमा समन्वय र सहजीकरण गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि प्रदेश सरकार तथा आवश्यकता अनुसार सम्बन्धित स्थानीय तहलाई समेत सुझाब दिने,
- जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी सङ्घसंस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमको प्रभावकारिता, उपयुक्तता तथा सन्तुलित किसिमले भए नभएको सम्बन्धमा अनुगमन गरी दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसंग आवश्यक समन्वय र सहजीकरण गर्ने,

- जिल्लाभित्रका एकभन्दा बढी स्थानीय तह प्रभावित हुने आयोजना तथा परियोजनाका प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मुल्याङ्कन गर्न समन्वय गर्ने,
- जिल्लाको समग्र विकासका लागि सरोकारवालासँग छलफल र समन्वय गर्ने,
- जिल्लाभित्र सञ्चालित सङ्घीय तथा प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनको सम्बन्धमा संङ्घीय तथा प्रदेश सरकारसँग समन्वय, सहजीकरण र सहयोग गर्ने,
- जिल्लास्तरीय अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गर्ने,
- जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,
- जिल्लाभित्रका स्थानीय तहले तर्जुमा गरेका कानूनको अभिलेखिकरण गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वार्षिक समीक्षा आयोजना गर्ने,
- नेपाल सरकारले अवलम्बन गरेको नीति अनुरुप स्थानीय तहले वालमैत्री लौङ्गिक मैत्री, अपाङ्ग मैत्री, वातावरणमैत्री, सरसफाई, खोप, साक्षरता अभियान तथा भवन आचार संहिता सम्बन्धी क्रियाकलाप सञ्चालन गरे नगरेको अनुगमन गरी प्रतिवेदन सङ्घीय सरकार तथा प्रदेश सरकार समक्ष पेश गर्ने,
- स्थानीय तहबाट सम्पादित विकास निर्माणको गुणस्तरीयताको अध्ययन/परिक्षण गरी सो को प्रतिवेदन सङ्घीय तथा प्रदेश सरकार समक्ष पेश गर्ने,
- उत्कृष्ट स्थानीय तहलाई पुरस्कृत गर्नको लागि प्रदेश सरकार समक्ष सिफारिश गर्ने,
- नदिजन्य पदार्थ उत्खननको क्रममा तोकिएको मापदण्ड विपरित उत्खनन एवं विक्रि गरेको सम्बन्धमा अनुगमन गरी प्रदेश सरकार समक्ष सिफारिश गर्ने,
- प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

### १.३.४. जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरुः

- नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ साथै सङ्घीय र प्रदेश कानुन बमोजिम जिल्ला समन्वय समितिले निर्वाह गर्नुपर्ने सबै भूमिका तथा कर्तव्यहरू,
- जिल्लास्थित प्रादेशिक कार्यालयहरु तथा स्थानीय तहहरूबाट सम्पादन भएका योजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने,

- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को मूल्याङ्कन गरी नतिजा सार्वजनिक गर्ने,
- जिल्लास्थित सबै सरकारी तथा गैरसरकारी निकायहरुको वार्षिक समीक्षा कार्यक्रम आयोजना गर्ने,
- नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरण सम्बन्धी अनुगमन तथा निरीक्षण गर्ने,
- बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन तथा समीक्षा गर्ने,
- जिल्ला समन्वय समितिबाट सम्पादन गर्नुपर्ने अन्य विविधि कामहरू।

# अध्यायः दुई
# नीति, कार्यक्रम तथा बजेट

## २.१. आ.व. २०८१-०८२ को नीति, कार्यक्रम

१. संविधान र कानूनतः विगतमाझै यो आ.व. मा पनि तोकिएका कामहरु जिल्ला समन्वय समितिबाट सम्पादन गरिंदा दीगो विकास, पर्यावरणीय सन्तुलन, विषयगत, क्षेत्रगत सन्तुलनलाई मुख्य आधार मानी पालिकाहरु र सरकारी एवं गैर सरकारी संस्थाहरुबाट संचालित विकास आयोजनाहरुको अनुगमन प्रारम्भिक चरणदेखि पालिकाहरुको सहभागितामा सञ्चालन गरिने छ। अनुगमन प्रतिवेदन यथाशीघ्र कार्यक्रम सञ्चालन गर्ने निकायलाई उपलब्ध गराई योजना कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गरिने छ।

२. स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई सीप तथा क्षमता विकासका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट उपलब्ध स्रोत साधन बमोजिम स्थानीय तहहरुसँग समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने गराउने व्यवस्था गरिनेछ।

३. जिल्लाभित्रका दुई वा दुईभन्दा बढी स्थानीय तहहरुलाई विकासको संयुक्त क्षेत्रमा सहभागिता हुन प्रोत्साहन र सहजीकरण गरिनेछ। संयुक्त लगानीका क्षेत्रहरु स्थानीय तहहरुको समेत सहभागितामा पहिचान गरी सुझाव र प्रोत्साहन गरिने छ ।

४. स्थानीय तहको सेवाप्रवाहलाई सरल र व्यवस्थित बनाउन आवश्यक पर्ने भौतिक संरचना जस्तै प्रशासनिक भवन तथा वडा कार्यालयहरुका भवन निर्माणका लागि, शुद्ध पिउने पानीको प्रवन्ध गर्नको निमित्त खानेपानी पूर्वाधार निर्माण गर्नका लागि प्रोत्साहन गर्ने नीतिलाई यो वर्ष पनि निरन्तरता दिईनेछ।

५. नेपाल सरकारले अवलम्वन गरेको नीति अनुरुप स्थानीय तहले बालमैत्री, लैंगिक मैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री, पूर्णखोप, पूर्ण सरसफाई, साक्षरता अभियान जस्ता क्रियाकलाप सञ्चालन गर्न आवश्यक समन्वय गर्ने र सो गरे नगरेको अनुगमन गरिने छ ।

६. समाजमा रहेको लैङ्गिक विभेदको अन्त्य गर्दै महिलाको क्षमता, श्रम, सीप र सिर्जनालाई विकास प्रकृयामा लगाई सामाजिक समानता कायम गर्न सम्वन्धित निकायहरुबाट कार्यक्रमहरु सञ्चालन गर्ने, गराउने तथा सम्वन्धित क्षेत्रबाट संचालित कार्यक्रमहरुको अनुगमन, निरीक्षण, समन्वय तथा सहजीकरण गरिनेछ ।

७. राष्ट्रिय विकासमा युवा सहभागिता परिचालन गर्दै युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशिलताका लागि जिल्लास्तरीय अन्तर स्थानीय तह खेलकुद प्रतियोगिता, शैक्षिक प्रदर्शनीको आयोजना गर्ने,गराउने व्यवस्था मिलाउने नीति अंगिकार गरिने छ ।

८. स्थानीय तहको सेवाप्रवाहलाई सरल, व्यवस्थित बनाई सुशासन र पारदर्शिता कायम गर्न विशेष भूमिका निर्वाह गरिनेछ ।

९. जिल्लाभित्र संचालित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाको योजना तथा कार्यक्रमहरुको प्रभावकारीता अभिवृद्धि गरी लक्षित नतिजा प्राप्त गर्न एवं योजना तथा कार्यक्रममा दोहोरोपन हटाई स्थानीय पालिका, स्थानीय प्रशासन र विषयक्षेत्रगत निकायहरुसँगको समन्वय र सहकार्यमा अनुगमन र निरीक्षणलाई व्यवस्थित र प्रभावकारी बनाइने छ ।

१०. सङ्घ, प्रदेश र स्थानीय तह बीचमा जिल्ला समन्वय समितिको समन्वयकारी भूमिकालाई थप प्रभावकारी र सक्रिय बनाउँदै, स्थानीय तहबाट संचालित योजना तथा कार्यक्रमहरुको गुणस्तरीयता सुनिश्चित गर्न अनुगमन तथा निरीक्षणलाई व्यवस्थित र नतिजा उन्मुख बनाईने छ ।

११. सिन्धुली जिल्लाभित्र सम्भाव्य विपद् बाट हुन सक्ने क्षतिलाई मध्यनजर गर्दै विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्वन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन सम्वन्धित स्थानीय तहहरु एवं अन्तर क्षेत्रगत निकायहरु बीच आपसी समन्वय र सहकार्यको वातावरण सिर्जना गरी एकीकृत ढङ्गबाट कार्यक्रम सञ्चालन गरिने छ ।

१२. वातावरणीय स्वच्छता कायम गरी शहरलाई स्वच्छ, सफा र सुन्दर बनाउन सहरी हरियाली प्रवर्द्धन, फोहोरमैलाको उचित व्यवस्थापन र वातावरणको संरक्षण जस्ता कार्यक्रमहरुको एकीकृत कार्ययोजना बनाई कार्यान्वयन गर्न सहयोगी र समन्वयकारी भूमिका निर्वाह गरिने छ । वार्षिक समीक्षा गोष्ठीलाई जिल्ला भित्रका विकास निर्माण सम्वन्धी समन्वयकारी भूमिका निर्वाह गर्ने साझा मञ्चको रुपमा विकास गरिने छ । गोष्ठीका सुझाव, निष्कर्ष र सहयोगका अपेक्षा पुरा गर्न नेपाल सरकार र प्रदेश सरकारमा प्रतिवेदन प्रेषित गरिने छ ।

१३. नदी, खोलाजन्य पदार्थको उत्खनन् बाट वातावरणीय र पर्यावरणीय क्षति न्यूनीकरणको लागि स्थानीय तहहरु समेतको सहभागितामा प्रभावकारी अनुगमन कार्यक्रम सञ्चालन गरिने छ।

१४. गत आ.व. मा झै यो आ.व. २०८१।८२ मा पनि स्थानीय तहहरु, प्रदेश वा अन्तर्गतका कार्यलयहरु, जिल्लास्थित सरकारी कार्यालयहरु र गैर सरकारी सङ्घ संस्थाहरुद्धारा संचालित कार्यक्रम वा विकास आयोजना, सुशासन र सेवा प्रवाहको सञ्चालन अवस्था, प्रगति, योजना

कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरुको पहिचान गरी समाधानका उपायहरु पत्ता लगाउने, पालिकाहरुद्धारा अवलम्वन गरिएका सफल अनुकरणीय अशल अभ्यासहरू र अनुभवहरुको आदानप्रदान गर्ने र साझा अन्तरनिहित समस्याहरुको सामुहिक प्रयासबाट सम्वोधन गर्न वा देखेर, हेरेर, अनुभव गरेर सिक्नेे रणनीतिको अवलम्वन गर्न सम्पूर्ण स्थानीय तहको Cluster बनाई सम्भव भए सम्म चौमासिक घुम्ती प्रगति समीक्षा गर्ने नीति अवलम्वन गरिने छ ।

**१५.** साविक जिल्ला विकास समितिको कार्यालय वा अन्तर्गत निकाय र सङ्घीय संरचना निमार्ण भए पश्चातका जिल्ला समन्वय समिति र विभिन्न स्थानीय तहहरुमा कायम रहेको वा महालेखा परीक्षकको कार्यालयद्धारा विभिन्न वर्षहरुको प्रतिवेदनमा औंल्याईएका बेरुजूहरुको आयतनमा बृद्धि भईरहेको र सो बेरुजूलाई शून्यमा झार्ने तीनै तहका सरकारको प्राथमिकता र नीति अनुरुप यस जिल्लाभित्र विभिन्न व्यक्ति र संस्थाको नाममा रहेको बेरुजु माथि कारवाहीलाई निरन्तरता दिई नियमित तथा असुल उपर गर्ने नीति अवलम्वन गरिने छ ।साथै स्थानीय तहरूको बेरूजु सम्परीक्षण तथा पछ्यौंट सम्बन्धी अध्ययन गर्ने व्यवस्था गरिनेछ ।

## २.२. आ.व. २०८१-०८२ को बजेट

सङ्घीय सरकारबाट यस आ.व.को लागि स्थानीय निकाय निःशर्त चालु अनुदान बजेट शीर्षक तर्फ रु. १,५२,४१,०००।०० (एक करोड बाउन्न लाख एकचालिस हजार) मध्ये कर्मचारी र पदाधिकारीहरुको तलब, सेवा सुविधा, पारिश्रमिक तथा विभिन्न भत्ता, करार सेवा शुल्क, प्रमुखको स्वकीय सचिव, कार्यालयको अनिवार्य दायित्व र कार्यालय सञ्चालन, घरभाडा, कार्यक्रम सञ्चालन खर्च र अनुगमनका लागि ब्यय गरिएको छ । बजेटको विस्तृत विवरण **अनुसूची १ मा** राखिएको छ।

बागमती प्रदेश सरकार (मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) बाट यस आर्थिक वर्ष २०८१।०८२ को लागि जिल्ला समन्वय समिति सहयोग कार्यक्रम अन्तर्गत यस जिल्लालाई रु. ३५,००,०००।०० (पैंतिस लाख) बजेट विनियोजित गरेको छ । जसको विस्तृत विवरण **अनुसूची २ मा** राखिएको छ।

गत आ.व. मा जिल्ला समन्वय समितिको कार्यालयमा भएको आय तथा ब्ययको विवरण **अनुसूची ३** मा देखाइएको छ।

ख-२-६ विविध खातामा मौज्दात रहेको आन्तरिक स्रोत र अन्य विविध तर्फको रकम चालु आ.व. मा कार्यालय सञ्चालन र विविध खर्चमा व्यय हुने गरी विनियोजन गरिएको छ । जसको विस्तृत विवरण अनुसूची ४ मा राखिएको छ।

## अध्यायः तीन
## भौतिक तथा वित्तीय प्रगति विवरणहरू

### ३.१. कार्यालयबाट आ.व. २०८१-०८२ मा सम्पन्न भएका क्रियाकलापहरूः

सरकारी र गैर सरकारी संस्थाहरुबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन गर्ने कार्यहरु भएका छन्। नदीजन्य पदार्थहरुको उत्खनन्, सङ्कलन, भण्डारण र बिक्री वितरण सम्बन्धी कार्यलाई नियमन, अनुगमन र सुपरिवेक्षण गरिएको छ। जिल्ला अनुगमन समिति तथा जिल्ला समन्वय समितिद्वारा नदीजन्य पदार्थहरुको उत्खनन्, सङ्कलन, भण्डारण र बिक्री वितरण सम्बन्धमा स्थलगत अनुगमन गरी सोको प्रतिवेदन तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहमा कार्यान्वयनका लागि पठाईएको। प्राकृतिक साधनमाथिको अत्यधिक दोहन रोक्न जिल्ला अनुगमन तथा समन्वय समितिलाई सक्रिय बनाईएको, स्थानीय स्तरमा विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको,

विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय दिवस तथा सामाजिक कुरीति विरूद्धको अभियानहरू सञ्चालन गर्नुको साथै मानव अधिकार सम्बन्धी पाचौं राष्ट्रिय कार्य योजना कार्यान्वयन सुनिश्चितताको लागि स्थानीय स्तरमा समेत स्थानीय समन्वय समिति गठन गर्न आवश्यक सहजीकरण गर्नुका साथै जिल्ला स्तरमा मानव अधिकार कार्यान्वयनको अवस्थाको निरन्तर अनुगमन गरिएको,

स्थानीय तहहरूमा विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तरक्रिय कार्यक्रम सञ्चालन गरी विपद् जोखिम न्यूनीकरणको लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिएको,

प्रदेशका जिल्ला स्थित कार्यालय तथा स्थानीय तहसँग वार्षिक तथा अर्ध वार्षिक समीक्षा सञ्चालन गरी प्रतिनिधि सभा तथा प्रदेश सभाका सदस्यहरूबाट सुझाव सङ्कलन गरिएको,

सिन्धुली जिल्ला भित्रका घरेलु हिंसा तथा महिला हिंसालाई सामाजिक रुपमा सम्बोधन गर्न तथा यसवाट हुने पिडालाई न्युनीकरण गर्न सिन्धुली जिल्ला स्थित सम्पूर्ण पालिकाहरूको अपनत्व हुने गरी सञ्चालन गर्न सुरक्षित आवास गृह (SAFE HOUSE) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० जिल्ला सभाबाट पारित गरी प्रभावकारिताका साथ सेफ हास सञ्चालन गर्न समन्वयात्मक भूमिका निर्वाह गरेको,

जिल्ला स्थित सम्पूर्ण पालिकाहरूबाट सञ्चालित सामाजिक विकास कार्यक्रमहरूको स्थलगत अनुगमन गरी सम्बन्धित पालिकाहरूलाई आवश्यक सुझाव प्रदान गरिएको,

बालमैत्री शासन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागिता जस्ता बाल अधिकारका सवालहरूलाई स्थानीय स्तरको नीति योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा स्थानीयस्तरमा संस्थागत गर्ने पद्धतिको रूपमा रहेको बालमैत्री शासनलाई कार्यान्वयनको निम्ति पालिकाहरूमा निरन्तर अनुगमन गरी वस्तुगत सुझाव प्रदान गरिएको,

नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहको बहुक्षेत्रीय पोषण योजना तेस्रोको कुपोषणको अन्त्य, मानवपुँजी निर्माण र समग्र आर्थिक सामाजिक विकास गर्ने दीर्घकालीन सोच पुरा गर्न, मानव जीवनचक्रमा पोषणको अवस्था सुधारको लागि पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलब्धता र गुणस्तर सुधार तथा समतामूलक पहुँच र उपभोगको सुनिश्चित गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजमको महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन सम्बन्धी स्थानीय तहको अधिकार अनुसारको कार्यलाई सहजीकरण गर्दै पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्न स्थानीय तहहरूमा अनुगमन गरी सुझाव तथा प्रतिवेदन सम्बन्धित निकायलाई प्रदान गरिएको,

जिल्ला दररेटको कारणले स्थानीय तहहरूले विकास निर्माणको क्रममा भोग्नुपरेको समस्यालाई मध्ये नजर गरी जिल्ला स्थित सम्पूर्ण पालिकाहरूका योजना शाखा प्रमुख तथा प्राविधिक शाखा प्रमुखहरू र जिल्ला स्थित भौतिक निर्माणसँग सम्बन्धित कार्यालयका प्रमुखहरूको उपस्थितिमा समन्वय तथा छलफल गरी जिल्ला दररेट निर्धारण समितिलाई आवश्यक सुझाव प्रदान गरिएको,

जिल्ला स्थित स्थानीय तहमा स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कन (LISA) कार्यविधि, २०७७ अनुसार आ.व. २०८०।०८१ को विषय क्षेत्रगत मूल्याङ्कन तथा स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRRAP),२०७८ अनुसार स्थानीय तहहरुको वित्तीय सुशासनको मूल्याङ्कन गरिएको,

सबै स्थानीय तहहरूमा विगतको वर्षहरूमा भन्दा प्रगती हुँदै आएको देखिन्छ। भविष्यमा यी दुवै नतिजा सङ्घीय अनुदान प्रणालीमा आवद्ध गरिने र त्यसैको आधारमा अनुदान प्राप्त हुने हुदाँ सबै पालिकाहरूलाई संस्थागत क्षमता मूल्याङ्कनमा प्रभावकारिता अभिवृद्धि गरी संस्थाको सामुहिक उत्तरदायित्व र जिम्मेवारीमा सवल बनाउन समेत सहयोग पुऱ्याएको छ।

पालिकाहरु, विषयगत सरकारी कार्यालयहरु र गैर सरकारी कार्यालयहरुबाट आ.व. २०८१-०८२ मा सञ्चालित विकास आयोजनाहरूको अनुगमन सम्पन्न गरिएको छ। यसका अलवा जिल्ला समन्वय समितिको कार्यालयबाट सम्पादन भएका कार्यक्रमहरू देहाय बमोजिम बुँदाग रुपमा उल्लेख गरिएको छ।

- मिति २०८१।०४।१८ गते शुक्रबारबा दिन जिल्ला समन्वय समितिको सभाहलमा सिन्धुली जिल्लाका स्थानीय तहहरूमा रहेका नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र

बिक्री सम्बन्धी प्रक्रियालाई व्यवस्थित गर्ने विषयमा जिल्ला स्थित रहेका सङ्घ तथा प्रदेश कार्यालयका प्रमुख र जिल्ला स्थित रहेका सबै स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलगायत सरोकारवालाहरूको उपस्थितिमा स्थानीय तह अन्तर्क्रिया तथा बैठक सम्पन्न।

- वर्ल्ड भिजन इन्टरनेसनल नेपालको सहयोगमा सिड्स नेपाल र रिलिफ नेपाल मार्फत् सिन्धुली जिल्लाको स्थानीय तहहरूमा सञ्चालित अति जोखिममा रहेका बालबालिका, निका परिवार र समुदायहरू माझ बाल संरक्षण तथा स्पोन्सरसीप, बालमैत्री स्थानीय शासन, स्वास्थ्य तथा पोषण, जिविकोपार्जन, विपद् प्रतिकार्य सम्बन्धी परियोजनाहरूको उपलब्धी सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, सिन्धुली, शिक्षा विकास तथा समन्वय इकाई, सिन्धुली लगायत सरोकारवालाहरूको सहभागितामा मिति २०८१।०४।२६ र २७ गते फिक्कल गाउँपालिकाको वडा नं. २, ३, ४ र ५, गोलन्जोर गाउँपालिकाको वडा नं. १, २, ३, ४ र ६, तीनपाटन गाउँपालिकाको वडा नं. ४, ५, ६, ७, ८, १० र ११ मा अनुगमन कार्यक्रम सम्पन्न भएको।
- वर्ल्ड भिजन इन्टरनेसनल नेपालको सहयोगमा सिड्स नेपाल र रिलिफ नेपाल मार्फत् सिन्धुलीको गोलन्जोर, फिक्कल र तीनपाटन गाउँपालिकामा सञ्चालन भईरहेको परियोजनाले हालसम्म गरेको उपलब्धी, परियोजना सञ्चालन गर्दा आएका कठिनाइहरूबारे जानकारी गराउने उद्देश्यले मिति २०८१ साउन २९ गते **जिल्ला परियोजना सल्लाहकार समितिको बैठक** जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न गरिएको।
- यस कार्यालयको आयोजनामा **नेतृत्वमा महिलाः समस्या, चुनौती तथा समाधानका लागि जिल्ला समन्वय समितिको भूमिका** विषयक बहस तथा अन्तर्क्रिया कार्यक्रम प्रमुखज्यू/अध्यक्ष सुनकोशी गाउँपालिका र फिक्कल गाउँपालिका, उपप्रमुख/उपाध्यक्ष कमलामाई नगरपालिका, मरिण गाउँपालिका, वडाध्यज्यू, ३ नं. वडा, दुधौली नगरपालिका, कार्यपालिका सदस्यज्यूहरू (महिला), न.पा. तथा गा.पा. सबै, प्रमुख राजनीतिक दलहरू (सबै), प्रत्येक दलबाट ५ जना महिला प्रतिनिधिहरू, प्रमुखज्यू, लैङ्गिक हिंसा सम्बन्धी एकद्धार व्यवस्थापन केन्द्र (OCMC), प्रमुखज्यू, महिला तथा बालबालिका सेल, जिल्ला प्रहरी कार्यालय, सिन्धुली, सञ्चालक,सुरक्षित आवास गृह (सेवा प्रदायक संस्था), सिन्धुली, अध्यक्ष क्रियाशील पत्रकार महिला (WWJ), सिन्धुली, अध्यक्षज्यू, अपाङ्ग महिला संघ, सिन्धुली, अध्यक्ष, किशोरी सञ्जाल, सिन्धुली,

अध्यक्ष, महिला मानवअधिकार रक्षक सञ्जाल, सिन्धुली लगायतको उपस्थितिमा मिति २०८१ भदौ १२ गते जि.स.स.को सभाहलमा सम्पन्न गरेको।

- मिति २०८१ भदौ २५ गते जिल्ला स्थित सरकारी तथा गैरसरकारी संस्थाहरूको वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न गरेको ।
- मिति २०८१ भदौ २६ गते सिन्धुली जिल्लाको दोस्रो जिल्ला साको तेस्रो अधिवेशन सम्पन्न भएको।
- मिति २०८१ असोज ३ गते १० औं संवधिान दविस तथा राष्ट्रयि दविसको अवसमा दीप प्रज्वलन कार्यक्रम सम्पन्न।
- मिति २०८१।०६।१३ गते चाडपर्वको समयमा हुन सक्ने सवारी दुर्घटना न्यूनीकरण समन्वय बैठक सम्पन्न।
- वि.सं. २०८१ असोज ११, १२ र १३ गते परेको अविरल वर्षा पछि आएको बाढि, पहिरोले सिन्धुली जिल्लाको सुनकोशी, गोलञ्जोर, फिक्कल र हरिहरपुरगढी गाउँपालिकामा पुऱ्याएको धनजनको उद्दार तथा राहत कार्यमा समन्वयकारी भुमिका खेलेको।
- मिति २०८१ कार्तिक ५ गते लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समितिको बैठक सम्पन्न गरिएको,
- चालू आ.व.२०८१-०८२ मा जिल्लास्थित कार्यालयहरूले सञ्चालन गर्नुपर्ने विकास निर्माणका आयोजनाहरूको ठेक्का व्यवस्थापन सम्बन्धी मिति २०८१।०७।२७ को पत्रबाट विवरण सङ्कलन गरिएको,
- मिति २०८१ मङ्सिर १२ गते Marie Stops International को आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित सुनौलो परिवार नेपालद्वारा सिन्धुली जिल्लामा सञ्चालन भईरहेको परियोजनाले हालसम्म गरेको उपलब्धी सम्बन्धमा जिल्ला परियोजना सल्लाहकार समितिको बैठक सम्पन्न गरिएको,
- मिति २०८१ मङ्सिर २५ गते लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम सम्बन्धमा जिल्लास्थित स्थानीय तहहरूले सञ्चालन गरेका कार्यक्रमहरूको सम्बन्धमा प्रस्तुतीकरण सहितको छलफल कार्यक्रम सञ्चालन गरिएको,
- मिति २०८१ मङ्सिर २६ गते आ.व. २०८१-८२ मा विपदबाट भएको क्षतिको विवरण, सो क्षति न्यूनीकरणको लागि हालसम्म गरिएको कार्य र भविष्यमा हुनसक्ने क्षति न्यूनीकरण र विपद् प्रतिकार्यका लागि तयार गरिएको कार्ययोजना समेत विवरण सहित गोलन्जोर,

सुनकोशी र फिक्कल गाउपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख र वडाध्यक्षहरूसमेतको उपस्थितिमा खुर्कोटमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको,

- यस कार्यालयको मिति २०८१ मङ्सिर १९ गतेको पत्रमार्फत् प्रदेश नीति तथा योजना आयोग, हेटौडालाई मिति २०८१ असोज ११ र १२ गते परेको अविरल वर्षाका कारण आएको बाढी, पहिरोबाट भएको क्षतिका विवरणहरू पठाईएको,
- मिति २०८१ पुस २३ गते नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन् सङ्कलन तथा बिक्री प्रक्रियाको जिल्ला अनुगमन समिति, सिन्धुलीको बैठक सम्पन्न गरिएको।
- मिति २०८१ माघ १५ यस कार्यालयको आयोजनामा २०८१ असोज १२ गते रोशी खोलामा आएको बाढीका कारण सिन्धुली जिल्ला, सुनकोशी गाउँपालिका वडा नं. १ नेपालथोक स्थित रोशी खोलाले धार परिवर्तन गरी खेतियोग्य जमिन तर्फ बगिरहेको सन्दर्भमा उक्त खोलालाई पुरानै अवस्थामा फर्काउने कार्यका लागि काभ्रेपलाञ्चोर सिन्धुली जिल्लाका सरोकारवालाहरूको संयुक्त अनुगमन समितिले स्थलगत अवलोकन गरी रोशी खोलालाई पुरानै अवस्थामा लैजान पहल गरिएको,
- मिति २०८१ माघ २८ गते जिल्ला स्थित रहेका सरकारी कार्यालयहरूले चालू आ.व. २०८१-०८२ को अर्धवार्षिक अवधिमा सम्पन्न गरेका तथा कार्यान्वयनको चरणमा रहेका कार्यक्रमहरूको अर्धवार्षिक समिक्षा कार्यक्रम बागमती प्रदेशका माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री सुकु माया तामाङज्यूको प्रमुख आतिथ्यता तथा प्रदेश माननीयहरू, प्रमुख जिल्ला अधिकारी तथा कार्यालयप्रमुखहरूको प्रस्तुतीकरण सहित अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको,
- मिति २०८१ माघ २९ गतेसम्म LISA तथा FRA का कार्यहरू सम्पन्न गरिएको,
- मिति २०८१ फागुन २ र ३ गते हरिहरपुरगढी गाउँपालिकाको वडा नं ६, ७ र ८ मा सञ्चालित आयोजनाहरूको स्थलगत अनुगमन तथा निरीक्षण गरिएको,
- मिति २०८१।११।०९ गते नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको जिल्ला अनुगमन समितिको बैठक सम्पन्न,
- जिल्ला स्थित रहेका महिला सहकारी संस्थाहरू छनौट गरी उत्कृष्ट महिला सहकारी छनौट गरी सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश हेटौंडालाई सिफारिस गरी पठाईएको,

- जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको अगुवाईमा मिति २०८१।१२।१४-१८ सम्म सञ्चालन भएको विश्व युवा महोत्सव -२०२५ मा जिल्ला समन्वय समिति सिन्धुलीबाट प्रमुख र उपप्रमुखज्यूको सहभागिता,
- जिल्लास्थित रहेका नगर/गाउँपालिकाहरूमा स्थापनाकालदेखि रहेका बेरुजु, समपरीक्षण र फछ्यौंटको विवरण सङ्कलनको चरणमा रहेको,
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद्को बैठकको निर्णयानुसार गत असोज ११ र १२ गते परेको अविरल वर्षाको कारण रोशी खोला, सुनकोशी नदी र बागमती नदिमा आएको बाढिले यस जिल्लाका अति प्रभावित दुई पालिका, प्रभावित र आंशिक प्रभावित एक/एक पालिकालाई प्राप्त विपद् कोषको रकमबाट सञ्चालन कार्यक्रमहरूको प्रगति विवरण माग गरी सुनकोशी, गोलन्जोर र फिक्कल गाउँपालिकामा स्थलगत अनुगमन निरीक्षण कार्य सम्पन्न,
- जिल्लास्थित रहेका स्थानीय तहहरूले चालू आ.व.मा ढुङ्गा, गिटी, बालुवालगायत दहत्तरबहत्तरको सङ्कलन तथा व्यवस्थापनको लागि गरिएका कार्यहरूसँग सम्बन्धित विवरण माग गरिएको।
- वैशाख ११ गते लोकतन्त दिवसको अवसरमा विभिन्न कार्यक्रमका साथै कार्यालयमा नयाँ झण्डोत्तोलन गरिएको,
- जिल्ला स्थित ९ (नौ) वटै स्थानीय तहहरूले सञ्चालन गरेको विकास कार्यहरूको स्थलगत अनुगमन तथा निरीक्षण गरिएको,
- जिल्ला स्थित ९ (नौ) वटै स्थानीय तहहरूको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा/सामाजिक विकास शाखाको स्थलगत अनुगमन निरीक्षण गरी प्रतिवेदन गरिएको,
- जिल्लास्थित रहेका नगर/गाउँपालिकाहरूमा स्थापनाकालदेखि रहेका बेरुजु, समपरीक्षण र फछ्यौंटको विवरण सङ्कलन गरी सम्बन्धित निकायहरूमा प्रतिवेदन गरिएको,
- जिल्लास्थित रहेका स्थानीय तहहरूले चालू आ.व.मा ढुङ्गा, गिटी, बालुवालगायत दहत्तरबहत्तरको सङ्कलन तथा व्यवस्थापनको लागि गरिएका कार्यहरूसँग सम्बन्धित विवरण माग गरी सम्बन्धित निकायहरूमा प्रतिवेदन गरिएको।
- ढुङ्गा गिटी बालुवा सम्बन्धी जिल्ला अनुगमन समितिको बैठक सञ्चालन,
- पोषणमैत्री स्थानीय शासन घोषणाका लागि अनुगमन तथा प्रतिवेदन कार्य,

- मिति २०८२ असार ५ गते यस कार्यालयको आयोजनामा जिल्ला स्थित नौ वटै स्थानीय तहका योजना शाखा र प्राविधिक शाखाका शाखा प्रमुख तथा जिल्ला स्थित सरकारी कार्यालयहरूको प्रमुखको उपस्थितिमा छलफल समन्वय तथा जिल्ला दररेट सम्बन्धी आवश्यक छलफल कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८२।०३।१५ गते यस कार्यालयको आयोजनामा "संविधानमा बालबालिकाहरूको कानूनी अधिकार र कार्यान्वयन सम्बन्धी सरोकारवालाहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न", त्यस्तै असार २२ गते मरिण गाउँपालिका वड नं. ७ स्थित श्री आधारभुत विद्यालय गैरीगाउँ थामिटोलमा अध्ययनरत थामी समूदायमा रहेका २१ जना छात्रछत्राहरूलाई शैक्षिक सामग्री वितरण कार्यक्रम सम्पन्न ।

## ३.२. कार्यालयबाट आ.व. २०८१-०८२ मा सम्पन्न भएका क्रियाकलापहरूको सङ्ख्यागत विवरणः

| क्र.सं. | क्रियाकलापहरू | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | वार्षिक प्रगति समीक्षा तथा जिल्ला सभा | १ | सम्पन्न |
| २ | जिल्ला समन्वय समिति, बोर्ड बैठक | ४० | आवश्यकता अनुसार |
| ३ | प्रदेश तथा स्थानीय तहसँग समन्वय तथा सहजीकरण | २ | आवश्यकता अनुसार |
| ४ | नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री सम्बन्धी प्रक्रियाको जिल्ला अनुगमन समितिको बैठक तथा अनुगमन | ४ | निरन्तर अनुगमन |
| ५ | परियोजना सल्लाहकार समितिको बैठक | ३ | आवश्यकता अनुसार |
| ६ | महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, अल्पसङ्ख्यक, सीमान्तकृत सम्बन्धी कार्यक्रम | ४ | सम्पन्न |
| ७ | स्थानीय स्तरमा विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम | १ | सम्पन्न |
| ८ | प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन भएका कार्यक्रम/आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन | ८७ | निरन्तर अनुगमन तथा सुझाब प्रदान |
| ९ | प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन प्रतिवेदन | १ | सम्पन्न |
| १० | प्रदेश जिल्ला स्तरीय कार्यालय तथा स्थानीय तहहरूसँग आवधिक समीक्षा कार्यक्रम | १ | सम्पन्न |
| ११ | बहुक्षेत्रिय पोषण समीक्षा कार्यक्रम | ० | हुन नसकेको |
| १२ | बेरुजु, बेरुजु सम्परीक्षण तथा फछ्यौंट र प्रतिवेदन | ९ | सम्पन्न |
| १३ | महिला, बालबालिका, जेष्ठ नागरिक वा सामाजिक विकास शाखाको स्थलगत अनुगमन र प्रतिवेदन | ९ | सम्पन्न |
| १४ | स्थानीय तहहरूको दहत्तर बहत्तरको विवरण सङ्कलन तथा प्रतिवेदन | ९ | सम्पन्न |
| १५ | बालमैत्री वडा घोषणा | २ | कमलामाई न.पा. वडा नं. ६ र फिक्कल |

| | | | |
|---|---|---|---|
| | | | गाउँपालिका वडा नं. ३ |
| १६ | पोषणमैत्री वडा घोषणा | १ | तीनपाटन गा.पा. १० |
| १७ | पूर्ण खोप सुचिश्चित स्थानीय तह | १ | फिक्कल गाउँपालिका |

## ३.३. आ.व. २०८१-०८२ को वित्तीय प्रगति विवरणः

### आ.व. २०८१/०८२ को चालु खर्च (प्रदेश तर्फ)

बजेट उपशीर्षक नं. ३०१०००११३

बजेट उपशीर्षक नामः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय **आ.व. २०८१-०८२**

| खर्च र वित्तीय | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस आ.व.को खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| 2.2.1.7 | ईन्धन पदाधिकारी | १५००००।०० | १२८२७७।७० | २१७२२।३० |
| 2.2.217 | ईन्धन कार्यालय प्रयोजन | ३०००००।०० | २२४१८२।४० | ७५८१७।६० |
| 2.2.3.9 | ईन्धन अन्य प्रयोजन | ३००००।०० | ३००००।०० | ०।०० |
| 2.3.1.4 | सवारी साधन मर्मत | ४०००००।०० | ३७९९४२।०० | २००५८।०० |
| 2.3.2.4 | मेशिनरी औजार मर्मत सम्भार | १७००००।०० | १६७२४०।०० | २७६०।०० |
| 2.4.1.2 | मसलन्द र कार्यालय सामग्री | ३५००००।०० | ३४८६७५।९६ | १३२४।०४ |
| 2.4.13.10 | पत्रपत्रिका, छपाई, सूचना प्रकाशन विज्ञापन खर्च | १५००००।०० | १५००००।०० | ०।०० |
| 2.7.25.104 | फर्निचर तथा फिक्चर्स तथा स्थिर सम्पतिको मर्मत सम्भार | १०००००।०० | ९४०५५।०० | ५९४५।०० |
| 2.7.25.463 | प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन | १०००००।०० | २४६५०।०० | ७५३५०।०० |
| 2.7.34.19 | स्थानीय तहको बेरुजु सम्परिक्षण तथा फछ्र्यौटसम्बन्धी अध्ययन | २०००००।०० | ११२७५०।०० | ८७२५०।०० |
| 2.7.34.52 | स्थानीय स्तरमा विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तर्क्रिया तथा अनुगमन | १०००००।०० | ८०९००।०० | १९१००।०० |
| 2.7.34.59 | प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन भएका कार्यक्रम/आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कन | ५०००००।०० | ४९०३००।०० | ९७००।०० |

| | | | | |
|---|---|---|---|---|
| 2.7.34.61 | जेष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्ग, दलितलगायतका सीमान्तकृत तथा अल्पसङ्ख्यक | १५००००।०० | १४८८२०।०० | ११८०।०० |
| 2.7.34.62 | जिल्ला सूचना केन्द्र तथा अभिलेख व्यवस्थापन कार्यक्रम | ५००००।०० | ४९८५०।०० | १५०।०० |
| 2.7.34.63 | विभिन्न राष्ट्रिय दिवस तथा उत्सव समारोह खर्च | ५००००।०० | ०।०० | ५००००।०० |
| 2.7.34.64 | प्रदेश तथा स्थानीय तहसँग समन्वय तथा सहजीकरण | ५००००।०० | ५००००।०० | ०।०० |
| 2.7.34.65 | प्रदेश जिल्लास्तरीय कार्यालय तथा स्थानीय तहसँग अर्धवार्षिक समीक्षा कार्यक्रम | १५००००।०० | १४३८७०।०० | ६१३०।०० |
| 2.7.7.4 | स्थानीय तहमा दहत्तरबहत्तर सङ्कलन तथा व्यवस्थापन सम्बन्धी अध्ययन तथा प्रतिवेदन | २५००००।०० | ११६२५०।०० | १३३७५०।०० |
| 2.9.9.4 | विविध खर्च | २५००००।०० | १८००१०।०० | ६९९९०।०० |
| | **कुल जम्मा** | **३५०००००।००** | **२९१९७७३।०६** | **५८०२२६।९४** |
| | **खर्च प्रतिशत** | १०० | **८३.४२ प्रतिशत** | १६.६ |

## आ.व. २०८१/०८२ को चालु खर्च (सङ्घ तर्फ)

बजेट उपशीर्षक नं. ३६५००१०५३

बजेट उपशीर्षक नामः जिल्ला समन्वय समितिका कार्यालयहरू **आ.व. २०८१-०८२**

| खर्च र वित्तीय | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस आ.व.को खर्च | बाँकी बजेट |
|---|---|---|---|---|
| 26412 | पदाधिकारी अन्य सुविधा | २८४८०००।०० | २५०८०००।०० | ३४००००।०० |
| 26412 | पारिश्रमिक कर्मचारी | ५९६१०००।०० | ५०९२३४२।४० | ८६८६५७।६० |
| 26412 | पोशाक | १२००००।०० | १२००००।०० | ०।०० |
| 26412 | महङ्गी भत्ता | २८८०००।०० | १२००६६।६६ | १६७९३३।३४ |
| 26412 | अन्य भत्ता | १०९१०००।०० | ४९८०००।०० | ५९३०००।०० |
| 26412 | करार सेवा शुल्क | १२००००।०० | १२००००।०० | ०।०० |
| | **जम्मा** | **१०४२८०००।००** | **८४५८४०९।०६** | १९६९५९०।९४ |
| 26412 | स्वकीय सचिव -पारिश्रमिक | ४३८०००।०० | ४३८०००।०० | ०।०० |
| 26412 | स्वकीय सचिव -पोशाक | १००००।०० | १००००।०० | ०।०० |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **४४८०००।००** | **४४८०००।००** | ०।०० |
| 26412 | पानी तथा बिजुली | १०००००।०० | ७३८०४।०० | २६१९६।०० |
| 26412 | सञ्चार महशुल | ८००००।०० | ४९८५५।०० | ३०१४५।०० |
| 26412 | पदाधिकारी -इन्धन | ४०००००।०० | ३५१४३६।५९ | ४८५६३।४१ |
| 26412 | इन्धन कार्यालय प्रयोजन | ३२५०००।०० | २६०२५१।०० | ६४७४९।०० |
| 26412 | सवारी साधन मर्मत खर्च | २०००००।०० | ८०६६३।०० | ११९३३७।०० |
| 26412 | बीमा तथा नवीकरण खर्च | १५००००।०० | ९१२६२।५० | ५८७३७।५० |
| 26412 | मेशिनरी औजार मर्मत सम्भार | १५००००।०० | १४९१०३।०० | ८९७।०० |
| 26412 | पुजिगत सम्पत्तिहरूको मर्मत सम्भार | ५००००।०० | ५००००।०० | ०।०० |
| 26412 | मसलन्द तथा कार्यालय सञ्चालन खर्च | ५६४०००।०० | ५६३७१६।०० | २८४।०० |
| 26412 | इन्धन अन्य प्रयोजन | ६००००।०० | ५८८८४।०० | १११६।०० |
| 26412 | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १०००००।०० | ९९९९२।०० | ८।०० |
| 26412 | विवध खर्च (अतिथी सत्कार समेत) | ५०००००।०० | २८३८७०।०० | २१६१३०।०० |
| 26412 | घरभाडा | ४०००००।०० | ४०००००।०० | ०।०० |
| 26412 | जि स स महासङ्घ सहयोग कार्यक्रम | २५०००।०० | २५०००।०० | ०।०० |
| | **जम्मा** | **३१०४०००।००** | **२५३७८३७।०९** | ५६६१६२।९१ |
| 26412 | जिल्ला सभा तथा वार्षिक समीक्षा कार्यक्रम | ३८८०००।०० | ३७८१७३।०० | ९८२७।०० |
| | **जम्मा** | **३८८०००।००** | **३७८१७३।००** | ९८२७।०० |
| 26412 | अनुगमन तथा मूल्याङ्कन खर्च | ८२३०००।०० | ७५७५००।०० | ६५५००।०० |
| 26412 | भ्रमण खर्च | ५००००।०० | १४६००।०० | ३५४००।०० |
| | **जम्मा** | **८७३०००।००** | **७७२१००।००** | १००९००।०० |
| 26413 | सामाजिक विकास कार्यको अनुगमन | १०००००।०० | ८०१००।०० | १९९००।०० |
| | **जम्मा** | **१०००००।००** | **८०१००।००** | १९९००।०० |
| | **कुल जम्मा** | **१५३४१०००।००** | **१२६७४६१९।१५** | **२६६६३८०।८५** |
| | **खर्च प्रतिशत** | १०० | **८२.६२ प्रतिशत** | २१.० |

## अध्यायः चार
## निष्कर्ष, सुझाव, चुनौती, समस्या र समस्या समाधानका उपायहरू

### ४.१. निष्कर्ष तथा सुझावः

तुलनात्मक रूपमा विकास निर्माणसँग सम्बन्धित कार्यालयहरूको पूँजीगत खर्च न्यून रहेको, निर्माण सम्पन्न गर्नुपर्ने समय अवधी अव्यवहारिक रुपमा निर्धारण गरिने हुँदा समयमा निर्माण सम्पन्न नहुने योजनाको संख्या (रुग्ण योजना)को संख्या बढेको, उपभोक्ता समिति मार्फत् निर्माण गरिएको योजना पुनः उपभोक्ता समिति मार्फत् पनि ठेक्कमा दिने गरेकोले उपभोक्ता समितिको औचित्य माथि प्रश्न उठ्ने गरेको, जटिल किसिमका प्राविधिक योजनाहरू पनि उपभोक्ता समिति मार्फत् गर्नुपर्ने स्थानीयको दबाव आउने गरेको, उपभोक्ता समितिहरूलाई खरिद कानूनको जानकारीको अभावको हुने भएकाले स्थानीय तहले उपभोक्ता समितिहरूलाई सार्वजनिक खरिद सम्बन्धी तालिमको व्यवस्था गर्न सके उपभोक्ता समितिको काम प्रभावकारी हुने, उपभोक्ता समितिको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विभिन्न समयमा दिएको सुझावको कार्यान्वयन नभएको, निर्माण कार्यको लागि आवश्यक पूर्वतयारीको कार्य जस्तै ठाँउ खाली गर्नुपर्ने, स्थानीय स्तरमा हुनुपर्ने सहमतीहरू बिना बजेट विनियोजनको कारण आयोजनाहरू समयमा नै सुरू हुन नसकी आयोजना समय लम्बिने गरेको, प्राथमिकता प्राप्त आयोजनाहरूलाई निर्माणको लागि आवश्यक नदिजन्य तथा खानीजन्य पदार्थ उपलब्ध गराउनुपर्ने भन्ने कानूनी व्यवस्था भएतापनि सोको लागि राखिने क्रसर प्लान्टको दर्ता तथा जडान प्रक्रियाको लागि कानूनी जटिलता रहनुले विकास निर्माणका कार्यहरू प्रभावकारी रुपमा तोकिएको लक्ष्य बमोजिम कार्य हुन नसकेको पाइन्छ।

आ.व. २०७६।७७ देखि आ.व. २०८०।८१ सम्मको बेरुजु फर्छ्यौटको अवस्था हेर्दा आर्थिक अनुशासनको पाटो निकै कमजोर रहेको देखिन्छ । स्थानीय तहहरूले संवैधानिक र कानूनी जिम्मेवरी पूरा गर्न विनियोजित बजेटको सिमामा रहेर खर्च गर्दा सो खर्चको प्रचलित कानून बमोजिम बेरुजु कायम नहुने गरी सार्वजनिक खर्चको सदुपयोग, मितव्ययिता, प्रभावकारीता र दक्षतापूर्ण ढङ्गबाट आर्थिक कारोबार गर्ने र लेखापरीक्षणबाट देखिएका कैफियतलाई प्राथमिकता दिई समयमै बेरुजु फर्छ्यौट गर्ने तर्फ केन्द्रित भई वित्तीय सुशासन कायम गर्न अग्रसर रहनुपर्ने आवश्यकता देखिएको छ ।

- ✓ स्थानीय तहको योजना, नीति र कार्यक्रम सङ्घ तथा प्रदेश सरकारको नीति तथा योजनासँग समन्वय गरी तर्जुमा गर्ने,
- ✓ दोहोरो लगानी र कार्यक्रमहरूको दोहोरिनबाट बच्न प्रदेश तथा सङ्घ सरकारसँग सहकार्य गर्ने,
- ✓ स्थानीय सेवाहरू (स्वास्थ्य, शिक्षा, खानेपानी आदि) को गुणस्तर सुधार गर्न स्रोत तथा साधनको उचित वितरण गर्नुपर्ने,
- ✓ सेवा प्रवाहमा नागरिकमैत्री र पारदर्शी प्रणाली लागू गर्न सल्लाहकारी भूमिका रहनुपर्ने,
- ✓ बजेट निर्माण, योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा समन्वय कायम गर्ने,
- ✓ सङ्घीय प्रणालीभित्रको अधिकार क्षेत्र स्पष्ट गर्नुपर्ने,
- ✓ प्रदेश सरकार र स्थानीय तहबीच विवाद उत्पन्न भएका मुद्दाहरू समाधान गर्ने ।

## ४.२. चुनौतिहरूः

- ✓ सङ्घ, प्रदेश र स्थानीय तहबीचको अधिकार क्षेत्र स्पष्ट नहुनु,
- ✓ समितिको भूमिका र कार्यक्षेत्रबारे प्रस्ट व्याख्या नहुनु,
- ✓ जिल्ला समन्वय समितिद्वारा प्रदान गरिने सुझावको कार्यान्वयन बाध्यकारी नहुनु,
- ✓ कार्यन्वयन भन्दा सुझाव मात्र दिने भूमिकामा सीमित हुनु,
- ✓ आर्थिक, मानव स्रोत तथा प्राविधिक साधनको अभाव,
- ✓ दैनिक सञ्चालनका लागि आवश्यक बजेट अभाव,
- ✓ स्थानीय तहहरूले समितिको सल्लाहलाई गम्भीरतापूर्वक नलिनु,
- ✓ सङ्घ र प्रदेश सरकारसँग समन्वय कायम गर्न कठिनाई,
- ✓ अन्य निकायहरूसँग कार्यक्षेत्र जुध्न पुग्ने अवस्था सिर्जना हुनु,
- ✓ विकास योजना तथा अनुगमन कार्य दोहोरोपना,
- ✓ सर्वसाधारणलाई समितिको भूमिका तथा कामप्रति जानकारीको अभाव,
- ✓ जनस्तरसँग प्रत्यक्ष सम्बन्धको अभाव,
- ✓ विकास योजना र कार्यक्रमहरूको अनुगमन गर्ने सक्षम संयन्त्रको अभाव,
- ✓ अनुगमनपछि सुधारका लागि प्रभावकारी कदम चाल्न कठिनाई हुनु ।

### ४.३. समस्याः

जिल्ला समन्वय समितिहरूसँग परियोजना र योजनाहरू कार्यान्वयन गर्नका लागि पर्याप्त आर्थिक र भौतिक स्रोतहरू छैनन्। यसले योजनाहरूमा प्रभावकारी कार्यान्वयनमा कठिनाइ भईरहेको अवस्था छ । स्थानीय प्रशासनिक स्रोत र सरकारी बजेटको कमीले योजनाहरूलाई लामो समयसम्म पूरा गर्नमा समस्या आएका छन् । कतिपय निर्णय प्रक्रियामा ढिलाइ हुने गरेको छ। यसले योजनाहरू र परियोजनाहरूको कार्यान्वयनमा बाधा पुऱ्याई रहेको छ। धेरैपटक विभिन्न सरकारी निकायहरू बीच समन्वयको कमीले समयमै निर्णय लिन कठिनाई पार्छ। प्राकृतिक प्रकोप, जस्तै बाढी, भूकम्प वा दैवी विपत्ति, जिल्ला समन्वय समितिहरूका लागि थप चुनौतीको रूपमा परहेको छ। यी संकटहरूले संसाधनहरूको वितरण र व्यवस्थापनमा अवरोध ल्याउँछन्, जसले उनीहरूको कार्यमा असर पुर्याउँछ। समन्वय समितिहरूको यस्ता समस्याहरूको समाधानको लागि स्थानीय, प्रदेश र केन्द्रका सरकारहरूबीच थप सहयोग र समन्वयको आवश्यकता छ। यसका अतिरिक्त, योजनाहरूको प्रभावकारी कार्यान्वयन र निगरानीका लागि पारदर्शिता र जवाफदेही व्यवस्थाहरूको विकास आवश्यक छ।

- **आर्थिक स्रोतको अभाव** – पर्याप्त बजेट तथा स्रोत साधनको अभाव हुँदा योजना/कार्यक्रमहरूको स्थलगत अनुगमन निरीक्षणमा कठिनाइ,
- **प्राविधिक र दक्ष जनशक्तिको कमी** – कार्य सम्पादनमा दक्ष जनशक्ति कमी हुँदा कार्यक्षमता ह्रास आएको,
- **संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको कमी** – तीन तहका सरकारहरूबीच प्रभावकारी समन्वय नहुनु प्रमुख समस्याको रुपमा रहेको,
- **कानुनी अस्पष्टता** – कानुन, नीति र अधिकारहरूको स्पष्ट व्याख्या नहुनुले कार्यक्षेत्रमा अन्योलता,
- **सूचना प्रवाह र सञ्चार प्रणाली कमजोर** – सूचना आदानप्रदान र संचारको प्रभावकारी प्रणालीको अभाव हुनु,
- **भौतिक पूर्वाधारको कमी** – कार्यालय, सवारी, उपकरणजस्ता भौतिक पूर्वाधार अभावले दैनिक कार्यमा कठिनाइ,
- **योजना अनुगमन र मूल्याङ्कन प्रणाली कमजोर** – परियोजनाको प्रभावकारी अनुगमन र मूल्याङ्कन गरी सुझाब कार्यान्वयनमा बाध्यकारी नहुनु,

- **प्राकृतिक प्रकोप र विपद् व्यवस्थापन चुनौती** – विपद् अवस्थामा समन्वय र राहत वितरणमा स्रोतको अभावले समस्या देखिएको ।

यी समस्याहरू समाधान गर्न संरचनात्मक सुधार, स्रोत व्यवस्थापन, दक्ष जनशक्ति विकास, र समन्वय प्रणालीको सुदृढीकरण आवश्यक छ।

### ४.४. समस्या, समाधानका उपायहरूः

जिल्ला समन्वय समितिका समस्याहरूलाई समाधान गर्न नीति तथा कानूनीगत स्पष्टता, समितिको काम, कर्तव्य र दायित्वलाई फराकिलो बनाई भूमिका अभिवृद्धि गर्दै सङ्घीय तथा प्रादेशिक बजेटको स्रोत सुनिश्चित गरी मानवीय स्रोध साधनले पूर्ण बनाई सङ्घीयता कार्यान्वयन गर्ने सङ्घ, प्रदेश र स्थनीय तहको सम्बन्ध सेतु स्थापित गर्ने कार्यालयको रुपमा स्थापित गर्नुपर्ने देखिन्छ। जिल्ला समन्वय समितिमा देखिएका समस्याहरूको समाधानका उपायहरू देहाय बमोजिम उल्लेख गरिएको छ ।

- **नीति तथा कानुनी स्पष्टता**: सम्वन्धित ऐन, नियमावली र निर्देशिकाहरू संशोधन/परिमार्जन गरी कार्यक्षेत्र स्पष्ट पार्नुपर्छ।
- **भूमिका अभिवृद्धि**: जिल्ला समन्वय समितिको अधिकार र कार्यदायित्वलाई स्थानीय तहसँग सहकार्य गरेर थप सशक्त बनाउनु पर्छ।
- **नियमित बजेट विनियोजन**: संघ र प्रदेश सरकारबाट स्पष्ट स्रोतसहितको बजेट सुनिश्चित गरिनु आवश्यक।
- **स्रोतको दिगो व्यवस्थापन**: स्थानीय तह र विकास साझेदारहरूसँग सहकार्य गरी स्रोत परिचालन गर्न सकिने व्यवस्था मिलाउनु।
- **मानव संसाधन विकास**: कर्मचारीको क्षमता अभिवृद्धि तथा आवश्यक जनशक्ति पदपूर्ति गर्नु।
- **नियमित अन्तरक्रिया**: स्थानीय तहसँग तालमेल कायम गर्न बैठक, गोष्ठी र संयुक्त योजना निर्माण।
- **साझेदारी प्रवर्धन**: अनिवार्य रूपमा योजनाको अनुमोदन र अनुगमनमा समिति सहभागी बनाउने कानुनी व्यवस्था कडाइका साथ लागू गर्नु।
- **डिजिटल प्रणालीको विकास**: ई-समन्वय प्रणाली, अनलाइन डाटा व्यवस्थापन र सूचना प्रवाह प्रणाली लागू गर्नु।
- **सूचना प्रविधि तालिम**: कर्मचारीहरूलाई प्रविधि प्रयोगमा दक्ष बनाउने तालिमहरू सञ्चालन गर्नु।
- **स्वतन्त्र अनुगमन संयन्त्र**: जिल्ला समन्वय समितिबाट स्थायी अनुगमन टोलिहरू गठन गर्नु।

- **सूचक आधारित मूल्यांकन:** कार्यक्रमको परिणाम मूल्यांकनका लागि स्पष्ट सूचकहरू तयार गरी नियमित रिपोर्टिङ प्रणाली लागू गर्नु।

जिल्ला समन्वय समितिको कार्यसम्पादन सुदृढ बनाउन नीति, स्रोत, प्रविधि र संस्थागत सहकार्यलाई बलियो बनाउनुपर्ने देखिन्छ। समस्याको स्थायी समाधानका लागि संघ, प्रदेश र स्थानीय तह बीचको स्पष्ट भूमिका, साझा उत्तरदायित्व र दिगो स्रोत व्यवस्थापन अत्यावश्यक छ।

## सन्दर्भ सामग्री


- नेपालको संविधान,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६,
- लेखापरीक्षण ऐन, २०७५,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,सोह्रौं आवधिक योजना,
- सिन्धुली जिल्लाका स्थानीय तहहरूको आ.व. २०७६।७७ देखि आ.व. २०८०।८१ सम्मका लेखापरीक्षण प्रतिवेदन,

<u>अनुसूची-१</u>

सङ्घ तर्फको चालु खर्च बाँडफाँड (आ.व. २०८१।०८२)

बजेट उपशिर्षक नं. ३६५००२५०१ (जिल्ला समन्वय समितिको कार्यालयहरु)

| खर्च र वित्तीय संकेत नं. | खर्च र वित्तीय संकेतको नाम | अन्तीम बजेट रकम रू. |
|---|---|---|
| **पारिश्रमिक (स्वीकृत दरबन्दीका कर्मचारीहरूको पारिश्रमिक र जि.स.स. पदाधिकारीहरूको सुविधा)** | | |
| २६४१२ | पदाधिकारी अन्य सुविधा | २८,४८,000.00 |
| २६४१२ | पारिश्रमिक कर्मचारी | ५९,६१,000.00 |
| २६४१२ | पोशाक | १,२०,000.00 |
| २६४१२ | महंगी भत्ता | २,८८,000.00 |
| २६४१२ | अन्य भत्ता | १०,९१,000.00 |
| २६४१२ | करार सेवा शूल्क | १,२०,000.00 |
| **नीजि सचिवालय करार कर्मचारी (१ जना)** | | |
| २६४१२ | स्वकीय सचिव - पारिश्रमिक | ४,३८,000.00 |
| २६४१२ | स्वकीय सचिव - पोशाक | १०,000.00 |
| **पानी तथा बिजुली, सञ्चार महसुल लगायत अन्य अनिवार्य दायित्व खर्च** | | |
| २६४१२ | जारको पिउने पानी, धाराको महशुल तथा विजुली | १,००,000.00 |
| २६४१२ | संचार महसुल (इन्टरनेट, टेलिफोन, हुलाक कुरियर) | ८०,000.00 |
| २६४१२ | पदाधिकारी - इन्धन | ४,००,000.00 |
| २६४१२ | इन्धन कार्यालय प्रयोजन | ३,२५,000.00 |
| २६४१२ | सवारी साधन मर्मत खर्च | २,००,000.00 |
| २६४१२ | बीमा तथा नवीकरण खर्च | १,५०,000.00 |
| २६४१२ | मेशिनरी औजार मर्मत सम्भार | १,५०,000.00 |
| २६४१२ | पुँजीगत सम्पत्तिहरुको मर्मत सम्भार | ५०,000.00 |
| २६४१२ | मसलन्द तथा कार्यालय स.खर्च | ५,६४,000.00 |
| २६४१२ | इन्धन अन्य प्रयोजन (ग्याँस,मैन समेत) | ६०,000.00 |
| २६४१२ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १,००,000.00 |
| २६४१२ | विविध खर्च (अतिथि सत्कार समेत) | ५,००,000.00 |
| २६४१२ | घरभाडा | ४,००,000.00 |
| २६४१२ | जि.स.स.महासंघ शूल्क तथा सहयोग कार्यक्रम | २५,000.00 |
| **कार्यक्रम खर्च (समीक्षा बैठक सहित)** | | |
| २६४१२ | जिल्ला सभा तथा बार्षिक समिक्षा कार्यक्रम | ३,८८,000.00 |
| **अनुगमन तथा भ्रमण खर्च** | | |
| २६४१२ | अनुगमन तथा मूल्याङ्कन खर्च | ८,२३,000.00 |
| २६४१२ | भ्रमण खर्च | ५०,000.00 |
| **जम्मा** | | **१,५२,४१,000.00** |

**<u>अनुसूची-२</u>**

प्रदेश तर्फको चालु खर्च बाँडफाँड (आ.व. २०८१।०८२)

बजेट उपशिर्षक नं.३०१००२५०१३ (मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय)

| संकेत नम्बर | शिर्षक | अन्तिम बजेट |
|---|---|---|
| 2.2.1.7 | ईन्धन पदाधिकारी | रु150,000.00 . |
| 2.2.2.17 | ईन्धन कार्यालय प्रयोजन | रु300,000.00 . |
| 2.2.3.9 | ईन्धन अन्य प्रयोजन | रु30,000.00 . |
| 2.3.1.4 | सवारी साधन मर्मत | रु400,000.00 . |
| 2.3.2.4 | मेशिनरी औजार मर्मत संभार | रु170,000.00 . |
| 2.4.1.2 | ससलन्द र कार्यालय समाग्री | रु350,000.00 . |
| 2.4.13.10 | पत्रपत्रिका छपाई सूचना प्रकाशन तथा विज्ञापन खर्च | रु150,000.00 . |
| 2.7.25.104 | फर्निचर तथा फिक्चर्स तथा स्थिर सम्पतिको मर्मत सम्भार | रु100,000.00 . |
| 2.7.25.463 | प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन प्रतिवेदन | रु100,000.00 . |
| 2.7.34.19 | स्थानीय तहको बेरुजु सम्परिक्षण तथा फछ्यौट सम्बन्धी अध्ययन | रु200,000.00 . |
| 2.7.34.52 | स्थानीय स्तरमा विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तर्क्रिया तथा अनुगमण | रु100,000.00 . |
| 2.7.34.59 | प्रदेश तथा स्थानीय तहबाट कार्यान्विन भएका कार्यक्रमआयोजनाहरु/को अनुगमण तथा मूल्याङ्कन | रु500,000.00 . |
| 2.7.34.61 | जेष्ठ नागरिकअपाङ्ग दलित लगायतका ,महिलाबालबालिका, सिमान्तकृत तथा अल्पसङ्ख्यक | रु150,000.00 . |
| 2.7.34.62 | जिल्ला सूचना केन्द्र तथा अभिलेख व्यवस्थापन कार्यक्रम | रु50,000.00 . |
| 2.7.34.63 | विभिन्न राष्ट्रिय दिवस तथा उत्सव समारोह खर्च | रु50,000.00 . |
| 2.7.34.64 | प्रदेश तथा स्थानीय तहसँग समन्वय तथा सहजीकरण | रु50,000.00 . |
| 2.7.34.65 | प्रदेश जिल्ला स्तरीय कार्यालय तथा स्थानीय तहसँग अर्धवार्षिक समीक्षा कार्यक्रम | रु150,000.00 . |
| 2.7.7.4 | स्थानिय तहमा दहत्तरबहत्तरको संकलन तथा व्यवस्थापन सम्बन्धी अध्ययन तथा प्रतिवेदन | रु250,000.00 . |
| | **जम्मा** | **रु3,500,000.00 .** |

# अनुसूची ३

## आ.व. २०८२-०८३ को एकीकृत आय तथा व्यय विवरण

| सि.नं. | बजेट उपशिर्षक नं. | कार्यक्रमको नाम | गत आ.व.को अ.ल्या. | आ.व. ०८०/०८१ को आम्दानी | जम्मा आम्दानी | निकासा/खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालयहरु | ०।०० | २,५५,०४,१३७।०० | २,५५,०४,१३७।०० | २,३१,११,३७८।३६ | २३,९२,७५८।६४ | |
| २ | ३६५००१०६३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | ०।०० | ६०,०००।०० | ६०,०००।०० | १६,६००।०० | ४३,४००।०० | |
| ३ | ३०१००२५०१३ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ०।०० | ३५,००,०००।०० | ३५,००,०००।०० | ३३,७२,२६८।०० | १,२७,७३२।०० | |
| ४ | कार्य सञ्चालन कोष | ख ६ विविध | ४१,१४,१८१।३६ | ४,५६,०५०।०० | ४५,७०,२३१।३६ | ५,१६,०१२।०० | ४०,५४,२१९।३६ | |
| ५ | धरौटी | धरौटी | २२,६४,८८५।६३ | १४,०७,०१२।०० | ३६,७१,८९७।६३ | २,३३,५००।०० | ३३,३८,३९७।६३ | |
| ६ | कर्मचारी कल्याण कोष | कर्मचारी कल्याण कोष | २६,४६४।७३ | ०।०० | २६,४६४।७३ | ०।०० | २६,४६४।७३ | |
| | | **जम्मा** | ६४०५५३१।७२ | ३०९२७१९९।०० | ३७३३२७३०।७२ | २७२४९७५८।३६ | ९९८२९७२।३६ | |

आ.व. २०८०।०८१ मा राजश्व रू. २१,१२,४५८।०० (एक्काइस लाख बाह्र हजार चार सय अन्ठाउन्न) संघीय सञ्चित कोषमा दाखिला भएको ।

**<u>अनुसूची-४</u>**

| | |
|---|---|
| विद्युतीय उपकरण खरिद तथा फर्निचर एण्ड फिक्चर्स | रू. १,७५,३२२।५५ |
| विविध खर्च | रू. १४,९००।०० |

# मुख्य-मुख्य गतिविधिका तस्विरहरूः




आ.व. २०८०/०८१ को वार्षिक समीक्षा कार्यक्रम (मितिः- २०८१ भाद्र २४ र २५ गते)



स्थानीय तहको अनुगमनका क्रममा लिइएका तस्विरहरुः-(सुनकोशी गाउँपालिका)



स्थानीय तहको अनुगमनका क्रममा लिइएका तस्विरहरुः (घ्याङ्लेख गाउँपालिका)



स्थानीय तहको अनुगमनका क्रममा लिइएका तस्विरहरु, (तीनपाटन गाउँपालिका)



स्थानीय तहको अनुगमनका क्रममा लिइएका तस्विरहरु (दुधौली नगरपालिका)



स्थानीय तहको अनुगमनका क्रममा लिइएका तस्विरहरु (मरिण गाउँपालिका)




आ.व. २०८१/०८२ को  अर्धवार्षिक प्रगति समीक्षा कार्यक्रमका तस्विरहरु (मिति: २०८१ माघ २८ गते)



स्थानीय तहमा विकास निर्माण तथा खरिद कार्य गर्दा जिल्ला दर रेटको कारणले आउने विविध समस्याको बारेमा गरिएको छलफल तथा समन्वय बैठक

(मिति:- २०८२ असार ५ गते)




तीनपाटन गाउँपालिका वडा नं १० को पोषणमैत्री स्थानीय शासन वडा घोषणा कार्यक्रम(मिति:- २०८२ असार १२ गते)




स्थानीय स्तरमा विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तरक्रिया कार्यक्रम(मिति: २०८१ मंसिर २६ गते)




आधारभुत विद्यालय गैरीगाउँ थामीटोल, मरिण गा.पा. वडा नं. ७ मा अध्ययनरत अति सीमान्तकृत थामी समुदायका विद्यार्थीहरूलाई शैक्षिक सामाग्री वितरण कार्यक्रम २०८२ असार २२ गते